# कोशी गाउँपालिकाको आ.व.२०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम

श्री प्रमुख अतिथि कोशी प्रदेशका उद्योग कृषी तथा सहकारी मन्त्री माननीय श्री इसराईल मंसरी ज्यू, विशिष्ट अतिथी ज्यूहरु, श्री उपाध्यक्ष ज्यू, गाँउसभा सदस्यज्यूहरु, विभिन्न राजनीतिक दलका प्रमुख एवम् प्रतिनिधिज्यूहरु, सभाका सचिवज्यू, सरक्षा निकायका प्रमुखज्यूहरु एवम् राष्ट्रसेवक कर्मचारीज्यूहरु, सञ्चारकर्मीज्यूहरु, सभामा उपस्थित एंव अनुपस्थित गाउँबासिहरु, सबैमा नमस्कार। जय नेपाल ।

स्थानीय तहको दोश्रो निर्वाचन पश्चात कोशी गाउँपालिकामा हुन गइरहेको गाउँसभाको २१ औं अधिवेशनको उद्धाटन शत्रमा नेपालको सामाजिक रुपान्तरण र नागरिक अधिकार प्राप्तिका लागि भएका सबै आन्दोलनमा जीवन उत्सर्ग गर्नुहुने तथा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि शाहदत्त प्राप्त गर्नुहुने सबै महान शहीदहरु प्रति हार्दिक श्रद्धासुमन प्रकट गर्दछु।घाइते एवम् बेपता योद्धाले पुऱ्याउनु भएको योगदानको स्मरण गर्दै अग्रजप्रति उच्च सम्मान व्यक्त गर्दछु ।

विभिन्न कालखण्डमा साविक हरिपुर, श्रीपुरजब्दी, पश्चिम कुशाहा र लौकही गाउँ पञ्चायत तथा गाविसको नेतृत्व गर्दै यस ठाउँको विकासमा योगदान पुर्याउनु हुने हाम्रा अग्रजहरु प्रति पनि उच्च सम्मान व्यक्त गर्दछु ।

१. मिति २०८२ भाद्र २३ र २४ गते भएको जेन्जी आन्दोलनको क्रममा कोशी गाउँपालिकाको कार्यालय, वडा नं १,२ र ३ को वडा कार्यालय, वडा नं ३ को स्वास्थ्य चौकी र विपि अध्ययन प्रतिष्ठानको भवन आगजानी, लुटपाट तथा क्षती भएको बेहोरा सर्वविदिदै छ। जसमा पालिकाका जिन्सी सामान, लेखा, प्रशासन, राजश्व, योजना शाखा गरी अन्य शाखा समेतको सम्पूर्ण कागजात, दस्तावेज लगायतका अभिलेखहरु क्षती भई कार्यालय सञ्चालनमा निकै कठिनाई भइरहेको चुनौतीपूर्ण अवस्थामा सबै पक्षलाई व्यवस्थापन गर्दै विद्यमान श्रोत, साधनको अधिकतम प्रयोग गरेर बद्रीपुल स्थित रहेको मेरो निजी भवनमा कोशी गाउँपालिकाको कार्यालय स्थापना गरी कार्यालयमा लाग्ने भाडा पूर्ण रुपमा छुट गरी जनसेवा प्रवाहलाई प्रभावकारी रुपमा संचालन गर्न सफल भएको छु ।
२. पालिका क्षेत्र अन्तर्गतका मुख्य सडकहरु र सहायक सडकहरुको प्याकेज बनाई बहुवर्षिक ठेक्का मार्फत काम भइरहेकोमा विभिन्न ठेक्का गरी औषत ५५

प्रतिशत काम पूरा भएको छ । चालु आ.व.को अन्त सम्ममा ६० प्रतिशत निर्माण कार्य पूरा हुने क्रममा रहेको छ ।

३. विभिन्न विद्यालयमा गरी चालु आर्थिक वर्षमा २ कोठे भवन ६ ओटा, ४ कोठे भवन ९ ओटा निर्माण भएको छ भने ८ कोठे भवन १ ओटा निर्माण सम्पन्न भई हस्तान्तरण समेत भइसकेको छ । साथै ४ कोठे भवन २ वटा, ८ कोठे भवन २ वटा, २ कोठे भवन २ वटा निर्मणाधिन अवस्थमा रहेको छ । यसबाट प्रत्यक्ष रुपमा ५ हजार विद्यार्थी लाभान्वित हुने नीति लिएको छु ।

४. पालिका भित्र लगभग ४५ कि.मि. सडक कालोपत्रे गरेको र बाँकी. ५० कि.मि. ग्राभेल सडक ३ कि.मि. ढलान सडक निर्माण सम्पन्न भएको जानकारी गराउँदछु ।

५. संघीय सरकारबाट बजेट व्यवस्थापन भइ निर्माण सम्पन्न भएको लौकही सिटी हलले आर्थिक विकासमा टेवा पुगेको छ ।

६. प्रदेश सरकारबाट बजेट व्यवस्थापन भइ कोशी कटानमा निर्माणाधिन अवस्थामा रहेको २५० करोडको लागतमा कोशी रिफ्रेसमेन्ट सेन्टर तथा मत्सयगंधा फनी पार्कको नर्माणले यस पालिकाको र मुलुकको पर्यटनमा टेवा पुग्ने विश्वास लिएको छु ।

७. पशु सेवा शाखाबाट हालसम्म १२०० पशुपन्छीको मेडिकल उपचार,३७० माइनर सर्जिकल, ४३९ गाइनोकलोजिकल उपचार, ५५४ पशुको गोबर परीक्षण, ८२ वटा दुध परीक्षण, २०२ छाला परीक्षण, २६२७ संख्यामा कृत्रिम गर्भाधान, २९७९५ F.M.D. डोज लगाइएको छ ।

८. हालसम्म यस गाउँपालिकामा महिला बालबालिका शाखा मार्फत ५८३ जना अपाङ्गता भएका व्यक्तिहरुले अपाङ्गता परिचयपत्र, १० जनालाई जेष्ठ नागरिक परिचयपत्र वितरण गरिसकेको छ ।

९. यस पालिकामा सञ्चालनमा रहेको अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम अन्तर्गत यो वर्ष ६५० जना नवजात शिशुहरुको जन्मदोष परीक्षण मध्ये ९ जना बच्चाको जन्मदोष देखिएकोमा उपचार गराई जीवनभर अपाङ्गता हुनबाट जोगाइएको छ। चालु आ.व. मा २० जनालाई निःशुल्क उपचार सेवा प्रदान, ११ जनालाई अपाङ्गता साहायक समाग्री वितरण,३८५ जना महिलाहरुलाई शुभकामना कार्ड प्रदान गरि नियमित चेकजाँच समेत हुँदै आएको, १५० जनालाई फिजियोथेरापी सेवा प्रदान, ३ जना अपाङ्गता भएका विद्यार्थीलाई विशेष विद्यालयमा भर्ना गरीएको छ ।

१०.गरिबसँग विषेश्वर कार्यक्रमका १४ वटा समुहका १४० जना सदस्यहरुलाई समुह संचालन तथा व्यवस्थापन तालिम प्रदान गरिएको छ ।

११.पालिकामा रहेको सामाजिक सुरक्षा भत्ता अन्तर्गत करिब ३९८५ जना लाभग्राही रहेका छन् तथा पञ्जिकरण सम्बन्धि काम गर्ने सेवा इकाई र वडा कार्यालयहरुको सहकार्यमा M.I.S. प्रणाली मार्फत दुर्त गतिमा कार्य हुँदै आएको छ ।

१२.स्थानीय न्यायिक समितिमा बढ्दो मुद्दाको चापका बावजुद मेलमिलापकर्ता, जनप्रतिनिधि र स्थानीय प्रहरीसँग सहकार्य गरी न्याय सम्पादनमा प्रभावकारिता ल्याउने प्रयास गरिएको छ । हाल पनि न्यायीक समितिमा जग्गा खिचौलाको ३४, लेनदेन १२, अन्य गरी ३६ गरी जम्मा ८२ मुद्दा दर्ता मध्ये फैसला भएको मुद्दा ५८ मिलापत्र भएको मुद्दा ७ वटा र फिर्ता लिएको ३ वटा र तामेली संख्या ७ रहेको छ ।

१३.पालिकामा चालु आ.व.मा ५१ वटा जग्गाको मुद्दा फछ्र्यौट, ५३ वटा घरनक्सा, तथा जग्गा नापजाँचको निवेदन, निजी रुख कटान मार्फत राजश्व संकलनमा टेवा पुगेको तथा सार्वजनिक जग्गा, अतिक्रमण भएको नभएको जग्गाको अभिलेखिकरण समेत गरिएको छ ।

१४.विपद व्यवस्थापन अन्तर्गत अग्नी पीडितहरुलाई लागत राहत योजना बमोजिम यस वर्ष १३ घरधुरी परिवारलाई नगद रु २ लाख ५६ हजार तथा सोही अनुसार तत्काल नै रु २,४५,११०।- बराबरको खाद्य तथा राहत सामग्री गरी जम्मा रु ५,०१,१००। उपलब्ध गराएका छौं ।

१५.मिति २०८३/03/01 गते सम्मको अभिलेख अनुसार यस पालिका अन्तर्गत सञ्चालनमा रहेको अग्नी नियन्त्रक दमकल सेवाबाट मोरङ्ग, भारतको बिहारको बेला ग्राम पञ्चायत, तिनखम्बा, सुनसरी जिल्लाका ११ स्थानीय तह अन्तर्गत ७२ स्थानमा सेवा प्रवाह गरेको छ ।

१६.मेडपा कार्यक्रम अन्तर्गत ६४ जनालाई उद्यम विकास तालिम, १३ जनालाई सिलाई कटाई, ३८ जनालाई अगरबती तालिम, २१ जनालाई ब्युटी पार्लर लगायतका सीपमूलक तालिम एवम् प्रविधि हस्तान्त्रण समेत गरिएको छ ।साथै यस कार्यक्रमलाई अगामी वर्षमा पनि निरन्तरता दिनेछु ।

१७.पालिकाले स्वास्थ्य बीमा कार्यक्रम अन्तर्गत ९८ जना विपन्न वर्गका व्यक्तिलाई निःशुल्क स्वास्थ्य बीमा गरिएको छ ।पालिकाभरिका सम्पूर्ण विपन्न परिवारलाई समेटी बीमा कार्यक्रममा समावेश गर्ने नीति लिएको छु ।

१८. कडा रोग लागेका ६२ जनाले स्वास्थ्य शाखाबाट नियमित औषधी उपचार सुविधा प्राप्त गर्दै आएको, ३१३७ जना बालबालिकाहरुको पोषण जाँच गरेको, ६६८ बालिकालाई HPV Vaccine लागाएको, २९६७१ जनालाई प्राथमिक स्वास्थ्य सेवा उपलब्ध गराएको, २४७ जना महिला ३ वटै बर्थिङ्ग सेन्टरबाट सुत्केरी सेवा पाएको, २५० जना PNC Home Visit अन्तर्गत सुत्केरी महिलाको घरमा गई सेवा दिएको तथा ६०९ जनालाई नसर्ने रोगको स्कृनिङ्ग गरिएको छ

१९. चालु आ.व.मा विभिन्न स्थानमा विभिन्न संघसंस्थाको सहयोगमा आँखा शिविर तथा अन्य स्वास्थ्य सिविर सञ्चालन गरि १५०० जना भन्दा बढी लभान्वित भएका छन्।

२०. यसै पालिकाको रोजगार सेवा केन्द्रबाट २० जनालाई सिलाई कटाई तालिम प्रदान, १५० जनाको श्रम स्वीकृति, ३ जना मृतकको शव विदेशबाट फिर्ता, ५१ जना सूचिकृत बेरोजगारलाई पारिश्रमिकता आयोजनामा खटाइएको तथा युवाहरुलाई अभिमुखिकरण तालिम र सेवा प्राप्तिमा सहज भएको छ।

आदरणीय गाउँसभा सदस्यज्यूहरु,

" सुरक्षित र समृद्ध कोशीको आधार, कृषि पर्यटन र दिगो पुर्वाधार" हाम्रो दीर्घकालीन गन्तव्य हासिल गर्न अब म गाउँपालिकाको आगामी वर्षको नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु । यो नीति तथा कार्यक्रम तय गर्दा नेपालको संविधानको भावना, दिगो विकासका लक्ष्यहरु, नेपालको १६ औं योजनाले परिलक्षित गरेका मार्गदर्शन, स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले गरेको दिशा निर्देशन, संघीय सरकारको नीति तथा कार्यक्रम, कोशी प्रदेश सरकारको वार्षिक नीति तथा कार्यक्रमलाई मार्गदर्शनका रुपमा लिइएको छ ।त्यस्तै राजनीतिक दलसँगको छलफलबाट प्राप्त सुझावहरु, स्थानीय तहको स्वमुल्याङ्कनका लागि तय गरिएका सूचकहरु, जेसि अडिट रिपोर्ट, विषयगत समितिहरुबाट प्राप्त सिफारिस र हाम्रा कार्यपालिका सदस्यहरु र आम गाउँबासीहरुबाट प्राप्त सुझावहरुलाई नै प्रमुख आधार मानी तयार गरिएको हो।

## नीति तथा कार्यक्रम

### पूर्वाधार तथा भौतिक विकासः

१. विगतमा सप्तकोशीको पूर्वी बाँध फुटेर साविकको हरिपुर, श्रीपुरजब्दी, पश्चिम कुशाहा र लौकही गा.वि.स.मा पुगेको अतुलनीय क्षतिको बारेमा सर्वविदितै

छ । त्यसपछि सिंगो बस्ती तथा गाउँ नै पलायन भएको अवस्थामा विभिन्न शासकीय प्रबन्ध एंव भौतिक पूर्वाधारको विकासको माध्यमबाट सामाजिक सदभाव सहितको अहिलेको सामाजिक अवस्था र भौतिक विकास भएको कुरा आज सबैले बुझ्नुपर्ने यथार्थ हो। अगामी आ.वा.मा भौतिक एवम् मानवीय पूर्वाधारको विकास गर्दा सबैको साझा महसुस हुने एवम् अपनत्व बढ्न जाने ढंगबाट नीतिगत निर्णय लिइने छ ।

२. भौतिक पूर्वाधार र प्रशासकीय संरचनाले बस्ती विकास, मानवीय विकास र शहरीकरण बढाउने हुँदा आगामी आ.व.मा यस गाउँकार्यपालिकाको प्रशासकीय भवन निर्माण गर्न जग्गा प्राप्तिको सम्पूर्ण प्रक्रिया पूरा गरि भुमि व्यवस्था सहकारी, संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा स्वीकृतिको लागि गत जेष्ठमा नै पठाएको छ । स्वीकृति प्राप्त पछि प्रशासनिक भवन बद्रीपुलमा नै निर्माण गर्ने नीति लिएको छ ।

३. २०८२ भाद्र २३ र २४ गते भएको तोडफोड र आगजानीबाट क्षती भएका कार्यालयहरुको पुनःनिर्माण तथा मर्मत सम्भार गर्ने नीति लिएको छ ।

४. बहुवर्षिय ठेक्काहरु, क्रमागत तथा वार्षिक योजनाको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनलाई निरन्तरता दिइनेछ । साथै कार्य समयमै सम्पन्न गराई भुक्तानीका श्रोतको सुनिश्चिता गर्ने नीति लिएको छ ।

५. "गाउँमा दिगो भौतिक पुर्वाधार, कृषि र पर्यटन संमृद्धिको आधार" राखि भौतिक पूर्वाधारको विकासमा विशेष जोड दिने नीति लिएको छ ।

६. "हाम्रो सडक हाम्रो सहभागिता, स्तरीय सडक, हाम्रो प्रतिबद्धता" भन्ने नारा अनुरुप सडक पेटीमा हरियालीका निम्ति वृक्षारोप गरी स्थानीयलाई हस्तानान्तरण गरिने छ ।

७. सबै खुसी, सबै उज्यालो" कार्यक्रम सहितको अभियान सञ्चालन गरि विद्युत सुबिधा उपलब्ध नभएका बस्ति तथा गाउँका चोकगल्लीहरुमा प्राथामिकता साथ सडक विधुतिकरण गर्ने नीतिलाई निरन्तरता दिइनेछ । साथै विद्युतको विकल्पको रुपमा वैकल्पिक उर्जा प्रवर्द्धन कार्यक्रमलाई निरन्तरता दिईनेछ

८. अव्यवस्थित हाटबजारलाई व्यवस्थित ढंगबाट सञ्चालन गर्न आवश्यक भौतिक पूर्वाधारको व्यवस्थापन गरिनेछ ।उक्त कार्यको लागि सम्बन्धित वडाहरुमा सार्वजनिक जग्गाहरुको पहिचान गरी हाटबजार व्यवस्थित गरिनेछ

९. गाउँपालिका क्षेत्रमा पुर्वाधार निर्माण गर्दा भवन संहिताको परिपालना गरी भूकम्प प्रतिरोधी महिलामैत्री, बालमैत्री, अपाङ्गतात्री र वातावरण अनूकुलित उत्थानशील संरचना निर्माणको नीति लिएको छ ।

१०. कोशी गाउँपालिकाको गाउँ यातायात गुरुयोजनाको विस्तृत परियोजना प्रतिवेदन तयार भई अगामी आ.व. २०८३/०८४ देखि कार्यन्वयन गर्ने नीति लिएको छु ।

११. परम्परागत शैली, सीप र स्थानीय संस्कृति झल्कने गरी पूर्वाधार निर्माण गर्ने नीति लिएको छु।

१२. ठूला भौतिक विकासका कार्य गर्न प्रदेश सरकार, संघीय सरकार लगायत अन्य साझेदारसँग समन्वय गरिनेछ ।

## आर्थिक विकास सम्बन्धीः

१. पर्यटनलाई आर्थिक विकासको मेरुदण्डको रुपमा स्थापित गर्न तथा पर्यटकीय केन्द्रका रुपमा रहेका कोशी टप्पु वन्यनजन्तु आरक्ष तथा सिमसार क्षेत्र, लौकही सिटिहल, रिफ्रेसमेन्ट सेन्टर,मतसयगंधा फनी पार्क, कोशी ब्यारेज लगायतका स्थानमा आन्तरिक, स्वदेशी, विदेशी पर्यटक लक्षित गतिविधि अभिवृद्धि गरिनेछ ।

२. गरिबी निवारणका लागि अन्तर सरकार, लघु उद्म विकास कार्यक्रम र अध्यक्ष कृषि आधुनिकीकरण कार्यक्रमका मिल्दो कृयाकलाप बिच टाई-अप गर्ने नीति लिएको छु ।

३. कोशी गाउँपालिकामा खाद्य सुरक्षा सुनिश्चिताका लागि मकै, गुहुँ, जुट, धान, कोदो, उखू तथा स्थानीय कृषि उत्पादनलाई प्रोत्साहन गर्ने तथा वडाहरुका एक वडा एक उत्पादन पकेट क्षेत्रको रुपमा प्राविधिक सम्भाव्यता अध्ययन गरी कृषकहरुलाई आवश्यक्ता अनुसार व्यवसायीक कृषि तालिमको लागि विशेष जोड दिइनेछ ।

४. गाउँपालिकामा औद्यौगिकमैत्री वातावरण श्रृजना गरी रोजगारी सृजना हुने क्षेत्रमा लगानी गर्न लगानीकर्ताहरुका लागि लगानी मैत्री वातावरण सृजना गर्ने नीति लिएको छु ।

५. पशुपंछी तथा माछा पालन व्यवसायलाई प्रोतसाहित गर्नेछु ।

६. गाउँपालिका क्षेत्रमा सञ्चालित सहकारीको प्रवर्धन तथा नियमनमा तदारुकताका साथ जनशक्ति परिचालन गरिनेछ ।

७. कृषि विद्युत महसुलमा अनुदान दिने नीती लिएको छु ।

८. संघ/प्रदेश सँग डीप बोडिङ्ग कार्यक्रम साझेदारीमा सञ्चालन गर्न नीति लिएको छु ।

९. कृषि विद्युतीकरणलाई नेपाल विद्युत प्राधिकरणसंग साझेदारी गरी सञ्चालन समेतलाई निरन्तरता दिने नीति लिएको छु ।

१०. कोशी गाउँपालिकाबाट वैदेशिक रोजगारमा जाने व्यक्तिहरुको सुरक्षित र मर्यादित रोजगारी सुनिश्चित गर्न र उनीहरुको परिवारलाई सुरक्षाको लागि राज्यबाट प्रत्याभूत गराउनका लागि यस पालिकामा सुरक्षित आप्रवासन कार्यक्रम (सामी) लाई निरन्तरता प्रदान गरिनेछ ।

११. सिचाई सुविधा नपुगेका कृषि भूमिमा सिचाई प्रणालीको सुदृढीकरणमा निरन्तरता दिइनेछ।

१२. कृषिमा अनुदान, माटो परीक्षण, जैविक र विषाधिमुक्त खेतिलाई प्रोत्साहन, गुणस्तरीय बिउ विजनको प्रयोग गरी उत्पादन र उत्पादकत्व वृद्धिमा प्रदेश तथा संघीय सरकारसंग सहकार्य गर्ने नीति लिएको छु ।

१३. कृषि सेवालाई सर्वसुलभ र पारदर्शी बनाउन संघ तथा प्रदेशद्वारा सञ्चालित डिजिटल प्रणालीमा आवद्ध हुने नीति लिएको छु ।

१४. पालिका क्षेत्रको निजि जग्गाबाट उतखन्न हुने भरौट बालुवालाई व्यवस्थित रुपमा व्यवस्थापन गर्ने नीति लिएको छु ।

१५. अन्य हाटबजार तथा पुर्वधार सेवा शुल्कबाट संकलन हुने राजस्वलाई निरन्तरता दिने नीति लिएको छु ।

<u>वितिय व्यवस्थापन सम्बन्धीः</u>

१. गाउँपालिकामा रहेका मर्मत सम्भारकोष, विपत व्यवस्थापन कोषको उद्देश्य अनुसार रकम अभिवृद्धि गरि लक्षित वर्गको हितमा बढि प्रतिफल प्राप्त हुने गरि परिचालन गर्ने नीति लिईनेछ।

२. विद्युतिय प्रणालीबाट संकलन भईरहेको राजस्वलाई प्रविधिमैत्री बनाउन क्षमता विकास तालिमलाई निरन्तरता दिइनेछ ।

३. कोशी गाउँपालिकाको नाममा रहेको कर्मचारी कल्याणकोषलाई अभिवृद्धि गरी कर्मचारीको हितमा बढी प्रतिफल प्राप्त हुने गरी परिचालन गर्ने नीति लिएको छु

४. कार्यालयमा भएको साधन, मेशिन, उपकरणहरुको समय मै नियमित मर्मत सम्भार गर्ने, अधिकतम परिचालन गर्ने र श्रोत अभिवृद्धिमा समेत प्रयोग गर्ने नीति लिएको छु ।

५. आन्तरिक लेखापरीक्षण शाखाको स्थापना गरी आन्तरिक लेखा परिक्षणलाई प्रभावकारी बनाईनेछ ।

**सार्वजनिक सेवा एवं सुशासन प्रर्वद्धनः**

१. विद्युतीय सूचना प्रणालीमा आवद्ध भएका हाम्रा मातहतका कार्यलयहरुलाई अझ प्रभाकारी ढङ्गले सेवा प्रवाह गर्न उत्प्रेरित गरी सर्वसाधारण जनताको पहुँच वृद्धि, प्रविधि तथा सुशासन मैत्री, प्रभावकारी एवम् विश्वसनीय बनाउने नीति लिएको छु ।
२. 'जनतासँग अध्यक्ष' कार्यक्रम आगामी आ.व.मा पनि कायमै राखिएको छ । यो कार्यक्रम ८ वटै वडामा र आवश्यकता अनुसार प्रत्येक टोलमा जनताले आफ्नो पिरमर्का तथा गुनासो राख्ने सार्बजनिक सुनवाईका रुपमा सञ्चालन गरिनेछ ।
३. आन्तरिक नियन्त्रण प्रणाली तथा आन्तरिक लेखा परीक्षणलाई प्रभावकारी बनाउँदै बेरुजु नहुने गरी कार्यसम्पादन गर्ने कार्य संस्कृतिको विकास गर्ने नीति लिएको छु ।
४. सुशासन,पारदर्शिता र जवाफदेहितामा अभिवृद्धि गराउन गाउँपालिकाले लिएको समग्र नीति र संचालित कार्यक्रम आयोजनाले पारेको सामाजिक प्रभावको लेखाजोखा गर्ने गरी सामाजिक परिक्षण र आयोजना कार्यक्रमहरुमा सार्वजनिक परीक्षण गरिनेछ ।
५. गाउँपालिकाको अधिकारिक वेवसाईटलाई नियमित अपडेट गरी नागरीकलाई प्रवाह गर्ने सेवालाई सूचना प्रविधिमा अधारित बनाउन अभिप्रेरित गरिनेछ ।
६. जनप्रतिनिधि तथा कर्मचारीहरुको आचार संहिताको कार्यान्वयनलाई प्रभावकारी बनाईनेछ ।
७. कर्मचारीहरुलाई कार्य सम्पादनको आधारमा दण्ड र पुरस्कृत गर्ने नीति लिईनेछ ।
८. आर्थिक वर्षको अन्त्यमा गाउँपालिकाबाट सम्पादित गरिएका सम्पुर्ण गतिविधिहरुलाई वृत्तचित्र बनाई प्रशारण गर्ने गराउने व्यवस्था मिलाईनेछ ।
९. कोशी गाउँपालिका भित्र शान्ति र सदभाव कायम राख्न संघ तथा प्रदेश सरकारसँग समन्वय गर्न आवश्यक बजेटको विनियोजन गरिने छ ।
१०. दक्ष जनशक्तिको अभावमा र सिमित उपलब्धतामा हाल कार्यरत रहेका कर्मचारीहरुलाई व्यवस्थापन गर्न O & M निर्माण गरि कर्माचारी व्यव्थापन गर्ने नीति लिएको छु ।

**सामाजिक विकास सम्बन्धीः**

१. सूचना प्रविधिको प्रयोग मार्फत युवा तथा महिलालाई उद्यमशीलता तथा स्वरोजगारीका अवसर, नेतृत्व विकास र सशक्तिकरणका लागि क्षमता विकास कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
२. सामाजिक कुरितीको रुपमा रहेको बालबिवाह, बहुबिवाह, बोक्सी प्रथा, रुढीवाद, अन्धविश्वास एवं भ्रमहरु हटाउन, महिलाविरुद्ध हुने हिंसा, शोषण र भेदभाव अनत्य गर्न विशेष पहल तथा सामाजिक परिचालन मार्फत् सचेतीकरण गरिनेछ ।
३. नवजात शिशु, बालबालिका गर्भवती तथा सुत्केरी महिलाको स्वास्थ्य हितका लागि पोषण सम्बन्धि कार्यक्रम सञ्चालन गरिनेछ।
४. शिशु जन्मेको ३५ दिन भित्र जन्म दर्ता गराउन आउँदा शिशु पोषण खर्च वापत रु १००० वडा तहबाटै उपलब्ध गराउने व्यवस्था कायमै राखिनेछ।
५. गाउँपालिकाबाट प्रदान गरिने सेवाहरुमा असहाय अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, गर्भवती, सुत्केरीलाई सेवामा अग्राधिकार दिईनेछ ।
६. खेलकुदको विकासको लागि प्रत्येक बर्ष खेलकुद संघसंस्थाहरुको साझेदारीमा अध्यक्ष कप खेलकुदको आयोजना गरिनेछ ।
७. मौलिक हक एवम् मानव अधिकार संरक्षण र प्रवर्द्धन गरी दलित तथा सिमान्तकृत वर्गमा पर्ने समुदायको हक अधिकार सुनिश्चित गर्ने तथा सँस्कृति जोगाउनका लागि आवश्यक सामाग्री उपलब्ध गराउने प्रबन्ध मिलाइनेछ ।
८. अति विपन्न गरिब परिवारलाई विवाह कार्यक्रममा सहयोग गरिनेछ ।
९. कोशी महोत्सव कार्यक्रमलाई अगामी वर्ष भव्यताका साथ गरिनेछ ।
१०. सिलाई कटाई, ड्राइभिङ्ग, इलेक्ट्रिसियन, पलम्बिङ्ग, मिथिला पेन्टिङ्ग र सिकिममुनी, कम्प्युटर तालिम र रोजगारकेन्द्रित प्रतिस्पर्धात्मक क्षमताको अभिवृद्धी हुने कार्यक्रम सञ्चालनको व्यवस्था गर्ने नीति लिएको छु ।
११. जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्ने नीति लिएको छु ।

<u>स्वास्थ्य सेवा प्रवर्धन सम्बन्धी:</u>

१. नहरचौक स्थित आयुर्वेद स्वास्थ्य इकाइलाई थप सुदृढ र सेवा प्रवाह गुणस्तरमा अभिवृद्धिका तथा आयुर्वेद स्वास्थ्य संस्थाको स्तोरउन्नती गर्न सम्बन्धित निकाय सँग पहल गरिनेछ ।
२. पालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुबाट प्रवाह हुने सेवाको गुणस्तरीयता बढाउन समयमै औषधिको उपलब्धता हुने गुणस्तरीय स्वास्थ्य सेवा सुनिश्चित र जनशक्ति व्यवस्थापन लाई प्राथमिकतामा राखिनेछ । प्रसुती गृह तथा

स्वास्थ्य प्रयोगशालामा जनशक्ति व्यवस्थापन तथा लजिष्टिक सपोर्टका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

३. पालिका अन्तर्गतका स्वास्थ्य चौकी, सामुदायिक स्वास्थ्य इकाई, प्रसुती गृह तथा प्रयोगशालामा कम्तिमा महिनामा एक पटक पालिकाको अनुगमन टोलीबाट स्थलगत अनुगमन गर्ने गराउने नीति लिएको छु। स्वास्थ्य सेवालाई सुलभ तथा पहुँचयोग्य समेत बनाइनेछ ।

४. स्वास्थ्य स्वंयम् सेविकाले प्रदान गर्ने सेवालाई प्रभावकारी बनाउन प्रत्येक स्वंयम सेविकालाई पालकाबाट प्रदान गरिदै आएको मासिक रु.२०००। मा रु १५०० थप गरी रु ३५०० कायम गरेको छु ।

५. मोतियाबिन्दु तथा रतन्धो आँखा सम्बन्धि रोग भएका व्यक्तीहरुलाई आँखा उपचार तथा अप्रेशन खर्च बापत अप्रेशन पश्चात रु.३०००। उपलब्ध गराउने व्यवस्थालाई अगामी वर्ष पनि कायम राखिनेछ।

६. विभिन्न औषधी उपचार सहयोग तथा स्वास्थ्य बीमा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

७. अपाङ्गता भएका व्यक्तिको अधिकार र सम्मानको लागि अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रमलाई निरन्तरता दिइनेछ । बहिरा तथा स्वर बोलाइसम्बन्धी अपाङ्गता भएका व्यक्तिको लागि साङ्केतिक भाषा र प्रविधिको विस्तार गर्ने नीति लिएको छु ।

<u>वन, वातावरण तथा विपद व्यवस्थापनः</u>

१. यस गाउँपालिका अन्तर्गत सबै नागरिकलाई स्वच्छ र गुणस्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता सेवा उपलब्ध गराउन अगामी आर्थिक वर्षमा आवश्यक बजेट विनियोजन गरिने छ ।

२. स्वच्छ खानेपानीमा सम्पूर्ण गाउँवासीको पहुँच कायम गर्न अधुरा खानेपानी योजनाहरुलाई सम्पन्न गराउन संघीय तथा प्रदेश सरकारसंग पहल गर्नेछु ।

३. यस गाँउपालिकामा विपद व्यवस्थापनका लागि स्थापना गरिएको विपद व्यवस्थापन कोषलाई प्रत्येक वर्ष वृद्धि गरिदै लगिनेछ ।

४. विपद्जन्य घटनामा परेका पीडितको उद्दार, राहत तथा सहायतालाई प्रभावकारी बनाउने प्रणालीको विकास गर्न संघ तथा प्रदेशसंग आवश्यक सहकार्य गरिनेछ । विपद तथा महामारीबाट सिर्जित असहज परिस्थितिको तत्काल सम्बोधनका लागि स्थानीय तहको आकस्मिक कोषबाट खर्च गर्ने व्यवस्था मिलाइनेछ ।

५. गाउँपालिकालाई वातावरणमैत्री हरित गाउँको रुपमा विकास गर्न वृक्षारोपण तथा वन-बुट्यानको संरक्षण गरि हरितगृह प्रभावलाई न्युनिकरण गर्ने निती लिएको छु ।

६. यस गाउँपालिकामा सर्बसाधारणका सुविधाका लागि थप एम्बुलेन्स सेवा प्रासिका लागि पहल तथा आवश्यक बजेट विनियोजन गरिनेछ ।

७. बजार तथा पर्यटक आवगमन हुने क्षेत्रमा सार्वजनिक शौचालय निर्माण गर्न प्राथमिकता दिइनेछ तथा घुम्ती शौचालय सञ्चालनको व्यवस्था मिलाइनेछ ।

८. गाउँमा ठुला आयोजनाहरु सञ्चालन गर्दा अनिवार्य वातावरणीय प्रभाव मुल्यांकन अध्ययन गरिनेछ।

९. स्थानीय संघ संस्था क्लबहरुसंग सहकार्य गरि हरेक वडामा सम्भव भएसम्म शारिरीक व्ययाम  खेलकुद र मनोरंजन गर्ने खालका मैदान एवं पार्क उद्धान निर्माण गरी सञ्चालन गर्ने नीति लिईनेछ।

१०. सार्वजनिक जग्गाको संरक्षण गर्न वडा समिति र समुदायलाई सहभागी गराई उत्तरदायी बनाईनेछ ।

११. कोशी गाउँपालिकासंगै सुनसरी जिल्ला भरि आगलागी नियन्त्रणमा हाम्रो दमकल तथा अग्नी नियन्त्रक दलले सराहनीय कार्य गरेको प्रति धन्यवाद ज्ञापन गर्दै विपद् व्यस्थापनमा पूर्व सावधानी अपनाउने तथा नियन्त्रण कार्यका लागि आवश्यक बजेट व्यवस्था गरिनेछ ।

**<u>शिक्षासम्बन्धी नीतिः</u>**

१. सामुदायिक विद्यालयमा शिक्षक विद्यार्थिको अनुपातका आधारमा शिक्षक दरबन्दी मिलान भइसकेकोले अपुग शिक्षक पालिकाबाट व्यवस्था गरिनेछ । दरबन्दी अनुसारको शिक्षक व्यवस्थाका लागि आवश्यक पहल गरिनेछ।साथै शिक्षक आपुर्ति नभए सम्मका लागि अपुग भएका विद्यालयमा गाँपालिकाबाट उपलब्ध गराएका शिक्षकहरुलाई आवश्यक्ता अनुसार आगामी आ.व.मा पनि निरन्तरता दिईनेछ ।

२. पालिकाबाट अनुमाति प्राप्त गरि संचालनमा रहेका धार्मिक विद्यालयहरुलाई स्थानिय आन्तरिक श्रोतबाट अनुदान उपलब्ध गराउने श्रोतको सुनिश्चतता  गर्ने नीति लिएको छु ।

३. समयको माग अनुसार गाउँपालिका क्षेत्रका सामुदायिक विद्यालयहरुलाई क्रमश अंग्रेजी माध्यममा रुपान्तरण तथा हप्तामा एक दिन सीपमूलक, प्रयोगात्मक र जीवनोपयोगी शिक्षा संचालन गर्ने नीति लिएको छु।

४. बालविकास स.का. तथा शिक्षकहरुको पेशागत विकास तथा विद्यार्थीहरुको गुणस्तर अभिवृद्धिका लागि आवश्यक आधारभूत, प्रविधिमैत्री तथा एडभान्स तहका तालिम तथा कार्यशाला आयोजना गरिनेछ ।

५. शैक्षिक सत्र २०८३ देखि कक्षा ५ को वार्षिक परीक्षा गाउँपालिका स्तरमा नै सञ्चालन गर्ने नीति लिएको छु ।

६. शैक्षिक क्षेत्रमा आमूल परिवर्तन ल्याउन भएका नीतिगत निर्णयहरु तथा तयार भएका कार्यविधिहरु अविलम्ब कार्यान्वयनमा ल्याइनेछ । समय सापेक्ष थप कार्यविधिहरु आवश्यक भए तयार गरि विद्यार्थी संख्या अनुपातमा शिक्षक दरबन्दि मिलान प्रधानाध्यापक ,नियुक्ति, शिक्षकहरुको रोटेशन अनुसार आन्तरिक सरुवा गर्ने नीति लिएको छु ।

७. यस पालिका अन्तर्गतका दलित तथा पिछिडएका समुदायका विद्यार्थीहरुलाई प्राविधिक धारतर्फ प्रि.डपलोमा तह सर्भे इन्जिनियरिङ्ग अध्ययनका लागि छात्रवृतीको व्यवस्था गरिने छ। विद्यार्थी तथा युवाको आकर्षण अभिवृद्धि गर्न शिक्षालाई सिपमुलक र रोजगारमूलक बनाउन प्रयोगात्मक अभ्यासमा जोड दिइने नीति लिएको छु ।

८. विद्यालयहरुको नियमित अनुगमनलाई प्रभावकारी बनाइने छ । विद्यालाय समायोजन गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

९. पालिका, प्रदेश र राष्ट्रिय खेलकुद महासंघको समन्वयमा पालिकाद्वारा खेल प्रतियोगितको आयोजना गर्न आवश्यक बजेट विनियोजन गरिने नीति लिएको छु।

१०. विद्यालय तथा मदर्साहरुमा स्वच्छ खानेपानी, भवन, छात्रवास, अपाङ्गतामैत्री शौचालय, कम्प्यूटर तथा विज्ञान प्रयोगशाला लगायतको पूर्वाधार निर्माण एवम् सीप तथा रोजगार सहितको शैक्षिक सुधारका कार्यक्रम अनतर्गत जनशक्तिको व्यवस्थापन गर्ने नीति लिएको छु ।

११. युवाहरुलाई आर्थिक र सामाजिक रुपान्तरणका प्रमुख बाहकका रुपमा परिचालन गर्ने तथा प्रोत्साहन कार्यक्रमहरु संचालन गर्ने नीति लिएको छु ।

<u>राजश्व परिचालन एवम् श्रोत अभिवृद्धिः</u>

१. कर प्रणालीलाई व्यवस्थित र प्रभावकारी बनाउने सवालमा व्यपारी व्यवसायीहरुको प्रतिनिधिमुलक संस्था स्थानीय उद्योग वाणिज्य संघ संग सहकार्य र समन्वय गर्दै अगाडी बढने नीति लिएको छु ।

२. यस गाउँपालिकाको स्वामित्वमा रहेका र पालिकाको संरक्षण र परिचालन गर्न सक्ने भवन जग्गा जमिन, हाटबजार तथा अन्य भौतिक सम्पतिको अभिलेख अध्यावधिक गरी यसलाई राजश्व आम्दानी गर्ने माध्यमका रुपमा परिचालन

गरिनेछ । यस्ता श्रोतहरुको परिचालन गर्दा पारदर्शी प्रतिस्धपर्धात्मक पद्तीको प्रक्रियालाई अवलम्बन गरिने नीति लिएको छ ।

३. विशेष परिस्थितिमा उल्लेखित कर, शुल्क दस्तुर आदिका दरहरु कार्यन्वयनमा समस्या आएमा अगामी गाउँसभाबाट अनुमोदन गराउने गरी गाउँ कार्यपालिकाबाट कर शुल्क, दस्तुर आदिका दरहरुमा आवश्यकता अनुसार हेरफेर गर्न सकिनेछ
४. कर संकलन कार्यमा संलग्न कर्मचारी पदाधिकारीहरुलाई प्रोत्साहित गर्न वार्षिक लक्ष्यभन्दा बढी कर संकलन भएमा लक्ष्यभन्दा बढी संकलन भएको रकमबाट उत्कृष्ट योगदान गर्ने कर्मचारी तथा पदाधिकारीलाई कार्यपालिकाको निर्णयबाट प्रोत्साहन पुरस्कार तथा सम्मानको व्यवस्थालाई निरन्तरता दिने नीति लिएको छ
५. गाउँपालिकाले उठाउने आन्तरिक राजश्व श्रोत तर्फको कर शुल्क, दस्तुरको दर रेट सम्बन्धमा सबै करदातालाई समेटी करको दायरा फराकिलो बनाई सामाजिक न्याय सुनिश्चित गरिने नीति लिएको छ ।
६. यस गाउँपालिकामा रहेका व्यवसायहरुलाई वर्गिकरण गरि करको दायरा कायम गर्ने नीति लिएको छ ।

आदरणीय महानुभावहरु,

मैले प्रस्तुत गरेको गाउँपालिकाको नीति तथा कार्यक्रम अनुसार नीति तथा कार्यक्रम निर्माण भई कार्यान्वयनमा आउँदा रोजगारी सृजना देखी स्वास्थ्य क्षेत्रमा देखिने गरी सकारात्मक परिवर्तन हुने विश्वास लिएको छु ।

अन्तमा, यो वार्षिक नीति तथा कार्यक्रम निर्माण गर्न महत्वपूर्ण सहयोग गर्नु हुने उपाध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, लेखा अधिकृतज्यू, गाउँसभाका सदस्यज्यूहरु लगायतका विषयगत समितिका सदस्यज्यूहरु, राजश्व परामर्श समितिका पदाधिकारीज्यूहरु, कार्यापालिकाका सम्पूर्ण सदस्यज्यूहरु, संचारकर्मीज्यूहरु, गाउँपालिकाका सम्पूर्ण कर्मचारी साथीहरु एवम् सरोकारवालाहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

ऐयुव अंसारी
अध्यक्ष

असार ८, २०८३

| क्र.सं. | बजेट शीर्षक | रकम | अक्षरमा |
|---|---|---|---|
| | आय तर्फ | | |
| १ | संघीय सरकार वित्तिय समानीकरण पुजीगत अनुदान | १२७२००००००।०० | १२ करोड ७२ लाख |
| २ | संघीय सरकार सशर्त संचालन अनुदान | २१३७००००००।०० | २१करोड ३७ लाख |
| ३ | संघीय सरकार सशर्त पूँजीगत अनुदान | ११६०००००।०० | १ करोड १६ लाख |
| ४ | संघीय सरकार विशेष अनुदान पूँजीगत | १८००००००।०० | १ करोड ८० लाख |
| ५ | संघीय सरकार समपुरक अनुदान पूँजीगत | १२३०००००।०० | १ करोड २३ लाख |
| ६ | प्रदेश सरकार वित्तीय समानीकरण पूँजीगत | ११९८००००।०० | १ करोड १९ लाख ८० हजार |
| ७ | प्रदेश सरकार समपुरक अनुदान पूँजीगत | १००००००००।०० | १ करोड |
| ८ | प्रदेश सशर्त चालु अनुदान | ५२२००००।०० | ५२ लाख २० हजार |
| ९ | प्रदेश सशर्त पूँजीगत अनुदान | ४१७०००००।०० | ४ करोड १७ लाख |
| १० | प्रदेश राजश्व सवारी साधन कर | ८३३६१४७।०० | ८३ लाख ३६ हजार १४७ |
| ११ | मूल्य अभिवृद्धि कर | ७९३८१०००।०० | ७ करोड ९३ लाख ८१ हजार |
| १२ | अन्तशुल्क रु | ३४०२१०००।०० | ३ करोड ४० लाख २१ हजार |
| १३ | वन रोयल्टी | १३०००००।०० | १३ लाख |
| १४ | आन्तिक आम्दानी | १४०६००००।०० | १ करोड ४० लाख ६० हजार |
| १५ | मालपोत रजिष्ट्रेशन | १३००००००।०० | १ करोड ३० लाख |
| १६ | स्थानीय राजश्व बाँडफाँड | ५५०००००।०० | ५५ लाख |
| १७ | सामाजिक सुरक्षा भत्ता सशर्त अनुदान | १४००००००००।०० | १४ करोड |
| १८ | चालु आ.व.2083/084 बाट बचत हुने मौज्दात | ७०००००००।०० | ७ करोड |
| | **जम्मा आय** | **८१७२९८१४७।००** | **८१ करोड ७२ लाख ९८ हजार १सय ४७** |

**व्यय तर्फ**

| | | | | |
|---|---|---|---|---|
| १ | चालुगत खर्च तर्फ | ३९४५१८१४७।०० | ३९ करोड ४५ लाख १८ हजार १४७ | ४८।२७ |

| | | | | |
|---|---|---|---|---|
| २ | पूँजीगत खर्च | २८२७८००००।०० | २८ करोड २७ लाख ८० हजार | ३४।६० |
| ३ | सामाजिक सुरक्षा भत्ता तर्फ | १४००००००००।०० | १४ करोड | १७।१३ |
| | जम्मा अनुमानित व्यय | ८१७२९८१४७।०० | ८१ करोड ७२ लाख ९८ हजार १४७ | १०० |